
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क १४० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ जेठ २२ गते आइतबार ❑ 5 June 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## पोखराको विकासमा प्रदेश सरकार र महानगर सँगसँगै अगाडि बढ्छ : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ जेठ**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले समृद्ध पोखरा र समग्र गण्डकी प्रदेशको विकासका लागि प्रदेश सरकार र पोखरा महानगरपालिका एकाकार भएर अघि बढ्नुपर्ने बताउनुभएको छ।

पोखरा महानगरपालिकामा नवनिर्वाचित पदाधिकारी र कर्मचारीका लागि शनिबार आयोजित नेतृत्व विकास तालिमको उद्घाटन गर्दै उहाँले पोखरा प्रदेशको राजधानी मात्र होइन पर्यटकीय केन्द्र भएकाले विकासका लागि सँगसगै अगाडि बढ्नुपर्ने बताउनुभयो।

उहाँले भन्नुभयो, "पोखरा प्रदेशको राजधानी मात्र होइन पर्यटकीय केन्द्र पनि हो, यस सहरलाई कस्तो बनाउने भनेर प्लानिङ गर्ने हामीहरूले नै हो । पोखरालाई राम्रो बनाएर आउने नेतृत्वलाई सुम्पने यही समूहले हो, सोचौँ कसरी त्यो लक्ष्यलाई पूरा गर्न सकिन्छ ।" पोखराको




सुन्दरता बचाइराख्न र पर्यटक आकर्षणका लागि थप पूर्वाधार निर्माण गर्नुपर्ने मुख्यमन्त्री पोखरेलको भनाइ छ । पोखरा र गण्डकी प्रदेश हरेक सूचकाङ्कमा अगाडि रहे पनि आर्थिक गतिविधिका हिसाबमा पछि रहेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "हाम्रा नीतिनियम कमजोर हुन् या कहाँनेर कमजोरी छ त्यो पत्ता लगाएर आर्थिक गतिविधि बढाउनु पर्नेछ । पोखरा अब प्रदेशको मात्र होइन मुलुककै आर्थिक केन्द्र बन्नुपर्छ, पर्यटनमार्फत त्यो सम्भावना छ।"

फेवातालको मापदण्ड र संरक्षणको विषय जहिल्यै पनि प्रमुख मुद्दाका रुपमा आइरहेको र यसका लागि सर्वोच्चले प्रष्ट आदेश दिइसकेको भन्दै मुख्यमन्त्री पोखरेलले संरक्षणका लागि महानगर र प्रदेश सरकार मिलेरै अगाडि बढ्न जरुरी रहेको बताउनुभयो। उद्घाटन कार्यक्रममा नेपाली कांग्रेस कास्की सभापति किशोरदत्त बराल, माओवादी केन्द्र अध्यक्ष बखानसिंह तमु, नेकपा(एकीकृत समाजवादीका) कार्यवाहक अध्यक्ष खड्ग हमाल लगायतले महानगरको नेतृत्वले पोखरेलीको सपनालाई साकार पार्न लाग्नुपर्ने आवश्यकता औंल्याउनुभयो। महानगर प्रमुख धनराज आचार्यले दुई दिनसम्म चल्ने नेतृत्व विकास तालिममा महानगरका जनप्रतिनिधि र महाशाखा, शाखा प्रमुखलाई पाँच समूहमा विभाजन गरिएको जानकारी दिनुभयो । चुनाव सकिएकाले कार्यपालिकामा पक्षविपक्ष कोही पनि नरहेको र अब पोखराको विकासको एकमात्र लक्ष्य लिएर अगाडि बढ्ने प्रमुख आचार्यले बताउनुभयो। उपप्रमुख मञ्जुदेवी गुरुङले विभेदरहित न्यायपूर्ण, समुन्नत पोखरा बनाउने लक्ष्यका साथ अगाडि बढेको बताउनुभयो । तालिम अभिमुखीकरण मात्र नभएर अन्तरघुलनका लागि कार्यक्रमले सहयोग पुग्ने विश्वास महानगरको छ। जेठ २३ गतेसम्म सञ्चालन हुने तालिममा सहभागीलाई पूर्व राजदूत महेश दाहाल, अभियन्ता निपेष ढाका, रञ्जीत आचार्य, रवीन कटुवाल, खिमलाल सापकोटाले लगायतले तालिम प्रदान गर्नुहुने बताइन्छ।

## गठबन्धनमा इमान्दारिता भएन : अध्यक्ष डा भट्टराई

**पोखरापत्र संवाददाता**
**गोरखा, २१ जेठ**

जनता समाजवादी पार्टीका सङ्घीय परिषद् अध्यक्ष डा बाबुराम भट्टराईले गठबन्धनमा इमान्दारिता नभएका कारण निर्वाचनमा आफ्नो पार्टीले अपेक्षाकृत नतिजा ल्याउन नसकेको बताउनुभएको छ।

जिल्लाको चुनावी समीक्षा गर्न आज यहाँ आउनुभएका उहाँले पत्रकारसँग कुराकानी गर्दै निर्वाचनमा पराजयको मुख्य कारण पार्टीको आन्तरिक कारण भए पनि अर्को कारण गठबन्धनमा नै भएको बताउनुभयो। "विकास र विनाशको मुख्य कुरा आन्तरिक हुन्छ भन्ने सिद्धान्तमा म विश्वास गर्छु, त्यसमा केही हाम्रा सीमा पनि रहे त्यो प्रमुख कारण हो", उहाँले भन्नुभयो, "जुन ढङ्गले गठबन्धन गरियो गठबन्धनमा पनि इमान्दारिता भएन।" डा भट्टराईले गठबन्धनको धर्मअनुसार एकपटक निर्णय गरेपछि त्यसलाई पूर्णरुपमा कार्यान्वयन गर्नुपर्नेमा त्यसो हुन नसक्दा समस्या आएको बताउनुभयो । गठबन्धनका दलको लोकतान्त्रिक मूल्यमान्यता र नैतिक आचारणविपरितको कार्यले गठबन्धन गरेर पनि पार्टीले अपेक्षित नतिजा ल्याउन नसकेको आरोप लगाउनुभयो । उहाँले नेपालको संविधानले नै मिश्रित निर्वाचन प्रणालीको व्यवस्था गरेकाले देशमा चुनावी गठबन्धन अझै पनि आवश्यक रहेको भने स्पष्ट पार्नुभयो।

"प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति र पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा जानुपर्छ भनेर हामीले भनिरहेका छौं", पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका डा भट्टराईले भन्नुभयो, "त्यो नभएसम्म अहिलेको निर्वाचन प्रणालीमा कुनै पनि दलको प्रष्ट बहुमत आउन नसक्ने हुँदा गठबन्धन गर्नु वा चुनावी तालमेल गर्नु आवश्यक छ।"

उहाँले पटक्कै विचार नमिल्ने शक्तिबीच गठबन्धन भनेर अघि बढ्दा गतिहिनता र अस्तव्यस्तता आएकाले अब पुनःविचार गर्नुपर्ने बेला आएको बताउनुभयो । "वैचारिकरुपमा सापेक्ष ढङ्गले एकरुपमा भएका वा निकट भएका शक्ति बीचमा गठबन्धन तालमेल भयो भने दिगो हुन्छ, नीति कार्यक्रम लागू गर्न पनि सहज हुन्छ", अध्यक्ष डा भट्टराईले भन्नुभयो, "जुन शक्तिका बीचमा आधारभूत नीति नै मिल्दैन, आर्थिक नीति, विदेश नीति, देशको लोकतान्त्रिक ढाँचासम्बन्धी नीति नै मिल्दैन त्यस्ता शक्ति एकै ठाउँमा बस्यो भने त्यसले क्षणिक चुनावी लाभ हुन्छ, सरकार बन्छ तर त्यसले काम गर्न सक्दैन।"

जसपा कम्युनिष्ट शक्ति नभएको भन्दै उहाँले लोकतन्त्रमा आधारित समाजवादलाई विश्वास गर्ने शक्ति भएकाले लोकतन्त्र र समाजवादलाई सँगसँगै लैजानुपर्छ भन्ने पक्षमा आफूहरु रहेको बताउनुभयो । "लोकतान्त्रिक शक्ति जसले अग्रगामी प्रगतिशील सोच राख्दछन्, त्यस्ता शक्ति बीचको गठबन्धन दिगो हुन्छ भन्ने हाम्रो बुझाइ हो", डा भट्टराईले भन्नुभयो।

## आयोजनाको काम छिटो सम्पन्न गर्नुस् : नेता पौडेल

**पोखरापत्र संवाददाता**
**तनहुँ, २१ जेठ**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले आज मादीनदी लिफ्टिङ खानेपानी आयोजना अवलोकन गर्नुभएको छ । नेपाल सरकारको ७० प्रतिशत र भादगाउँ खानेपानी संस्थाको ३० प्रतिशत लगानीमा उक्त आयोजना निर्माण सम्पन्न हुन लागेको हो ।

आयोजनाको अवलोकन पश्चात् नेता पौडेलले आम उपभोक्तामा जतिसक्दो छिटो खानेपानीको पहुँच पुऱ्याउनु पर्नेमा जोड दिनुभयो। निर्माणका क्रममा केही समस्या परे आफ्नोतर्फबाट गर्नुपर्ने सहयोग सदैव साथ रहने प्रतिबद्धतासमेत उहाँले जनाउनुभयो । गण्डकी प्रदेशका आन्तरिक मामिलामन्त्री डोवाटे विकले आयोजना गौरवको विषय भएकाले उपभोक्ता, कार्यसमिति र निर्माण कम्पनी सबैले आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग उपलब्ध गराउनुपर्नेमा जोड दिनुभयो ।

व्यास नगरपालिकाका उपप्रमुख इन्दिरा दरैले वडावासीका लागि खानेपानी प्रशस्त मात्रमा उपलब्ध गराउन आयोजनाको भूमिका महत्वपूर्ण हुने विश्वास व्यक्त गर्नुभयो।

कूल रु १५ करोड २४ लाख ३६ हजारको लागतमा निर्माण गर्न लागिएको उक्त आयोजना पराजुली कन्स्ट्रक्सन कम्पनीले ठेक्का पाएको थियो । व्यास नगरपालिका-४ स्थित मादी नदी किनारबाट व्यास नगरपालिका-१ को अमिली भञ्याङमासम्म करिब पाँच किलोमिटर लामो दूरीबाट पानी ल्याउन लागिएको भादगाउँ करादी खिरखाँदी खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका सचिव राजेश्वर हड्खलेले जानकारी दिनुभयो।

विसं २०८० भदौमा उक्त आयोजनाको निर्माण गर्ने गरी निर्माण कम्पनीसँग सम्झौता गरिएको र यसबाट प्रतिसेकेण्ड २६ लिटर पानी बहने क्षमता रहने समितिका व्यवस्थापक ईश्वर श्रेष्ठले बताउनुभयो।

नेपालभरका अन्य खानेपानी आयोजनामध्ये १० आयोजनाभित्र भादगाउँ करादी खिरखाँदी खानेपानी आयोजना छनोट भएपछि उक्त आयोजनाको निर्माण प्रक्रिया अघि बढाइएको थियो । साना ठूला गरी चार योजना तथा आयोजनाबाट सङ्कलन हुँदै आएको पानी उपभोक्तालाई वितरण गर्दै आइएको संस्थाका अध्यक्ष चिजबहादुर दरैले बताउनुभयो । विसं २०५६ मा उक्त खानेपानी संस्था स्थापना भई ५२ सार्वजनिक धाराबाट सुरुवात गरिएकामा हालसम्म २६०० बढी निजी धारा जडान गरी पानी वितरण हुँदै छ।

## अध्यक्ष दाहालसँग काठमाडौँ महानगरप्रमुख बालेन्द्रको भेट

**रासस**
**काठमाडौं, २१ जेठ**

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'सँग काठमाडौँमहानगरपालिकाकाप्रमुख बालेन्द्र शाहले शनिबार भेटवार्ता गर्नुभएको छ।

ललितपुरको खुमल्टारस्थित दाहाल निवासमा भएको भेटवार्तामा उहाँले अध्यक्ष दाहालसँग काठमाडौँ महानगरको समग्र विकासका सन्दर्भमा कुराकानी गर्नुभएकोछ।महानगरकोविकासका सन्दर्भमा विभिन्न राजनीतिक दलका प्रमुखहरूसँग भेटवार्ता गर्ने क्रममा उहाँले आज अध्यक्ष दाहालसँग भेटघाट गर्नुभएको हो । भेटमा प्रमुख शाहले आफू स्वतन्त्र भएकाले सबै दलसँग काम गर्न सजिलो रहेको जानकारी दिँदै फोहर व्यवस्थापनलगायतका कामको थालनी भएको जानकारी गराउनुभएको अध्यक्ष दाहालका प्रेस सहयोगी सूर्यकिरण शर्माले जानकारी दिनुभयो।

अध्यक्ष दाहालले माओवादी पार्टीले पनि युवालाई समेटेर अघि बढेको र यसपालीको स्थानीय तह निर्वाचनमा पनि युवाहरू नै बढी विजयी भएको जानकारी दिँदै युवाको विकास अभियानमा साथ र सहयोग रहने विश्वास व्यक्त गर्नुभएकोछ।शाहकोसचिवालयका अनुसार काठमाडौँमा उहाँको

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

## अन्नपूर्ण आरोहण दिवस: पदयात्रा पर्यटनसँग लेस्पारलाई जोड्नुपर्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ जेठ**

अन्नपूर्ण आरोहण दिवसका अवसरमा ट्रेकिङ एजेन्सिज एशोसियसन अफ नेपाल(टान) पश्चिमाञ्चल क्षेत्रीय संघद्वारा अन्नपूर्ण आरोहण दिवसका अवसरमा आयोजित कार्यक्रममा पर्वतको लेस्पारलाई पदयात्रा पर्यटनसँग जोड्नुपर्ने आवश्यकता औंल्याइएको छ।

संघद्वारा पर्वतको मोदी गाउँपालिका वडा नं ४ स्थित लेस्पारमा आयोजित कार्यक्रममा वक्ताहरूले धेरै सम्भावना भएर पनि ओझेलमा परेको लेस्पार पदयात्रा पर्यटनका दृष्टिले आकर्षक गन्तव्य भएको भन्दै यसको प्रवर्द्धन आवश्यक भएको बताए । मोदी गाउँपालिकाका




अध्यक्ष हिरादेवी शर्माले लेस्पार पदयात्रा पर्यटनका दृष्टिले धेरै सम्भावना भएको बताउँदै यसको प्रवर्द्धन र विकासका लागि सबैको साथ र सहयोग आवश्यक हुने बताउनुभयो। गाउँपालिकाले यहाँको विकासलाई प्राथमिकतामा राखेको उहाँले बताउनुभयो।

टान पश्चिमाञ्चल क्षेत्रीय संघका अध्यक्ष सुशिलराज पौडेलले लेस्पारको पर्यटकीय सम्भावनालाई उजागर गर्नका लागि नै यस वर्षको अन्नपूर्ण आरोहण दिवस यस गाउँमा मनाइएको बताउनुभयो।

पदयात्रा पर्यटनसँग गाउँलाई जोड्नसके स्थानीयको आर्थिक समृद्धि बढ्ने बताउँदै उहाँले स्थानीयलाई उत्पादनसँग पनि जोड्नुपर्ने उल्लेख गर्नुभयो।

पर्यटन कार्यालय पोखराका प्रमुख थमनसिंह गौतमले पर्यटन प्रवर्द्धनसँगै स्थानीयलाई उत्पादनसँग जोड्दै रोजगारी अभिबृद्धि गर्नुपर्नेमा जोड दिनुभयो । संघका पूर्व अध्यक्ष रामचन्द्र शर्माले पदयात्रामार्गसँग जोडिएको लेस्पारले धेरै सम्भावना बोकेको बताउनुभयो।

कार्यक्रम संयोजक एवम् टान पश्चिमाञ्चल क्षेत्रीय संघका द्वितीय उपाध्यक्ष कृष्णप्रसाद आचार्यले लेस्पारको पर्यटकीय सम्भावनाको प्रवर्द्धनका लागि अन्नपूर्ण डे यसै ठाउँमा मनाइएको बताउनुभयो । संघका सहसचिव रेशम अधिकारीले सञ्चालन गर्नुभएको कार्यक्रममा लेस्पार सामुदायिक होमस्टेका सचिव नरसिंह पुन, समाजसेवी टिका पुन लगायतले लेस्पारको पर्यटकीय सम्भावनाबारे चर्चा गर्दै यसलाई पदयात्रासँग जोड्नुपर्ने बताउनुभयो।

# पोखरामा ब्रेकिङ बाउण्ड्रिज एमसिसी अन्तर विद्यालय क्रिकेट शुरु

पोखरापत्र संवाददाता
पोखरा, २१ जेठ

पोखरामा शनिबारदेखि ब्रेकिङ बाउण्ड्रिज एमसिसी अन्तर विद्यालय छात्र छात्रा क्रिकेट प्रतियोगिता शुरु भएको छ।

पोखरा क्रिकेट एकेडमीको आयोजना तथा मेरोलिवोन क्रिकेट क्लव फाउण्डेशन युके र किडासा युकेको प्राविधिक सहयोगमा प्रतियोगिता सञ्चालन भएको हो। पोखराको अम्मरसिंह खेल मैदानमा शुरु भएको प्रतियोगिताको शनिबार एक समारोहका विच किडासाका नेपालका लागि डेपुटी देशिय प्रतिनिधी हितमान गुरुङ्गले उद्घाटन गर्नुभयो। सो अवसरमा उहाँले विद्यालय खेलकुद प्रारम्भको जग भएको बताउँदै घर बलियो बनाउन जग बलियो हुनुपर्नेमा जोड दिनुभयो। सन्दिप लामिछानेले क्रिकेट खेलबाटै नेपाललाई अर्न्तराष्ट्रिय जगतमा चिनाएको प्रसंग जोड्दै यस्तै प्रतियोगिताहरुलाई निरन्तर दिन सकिए नेपालबाट अन्य सन्दिप उत्पादन हुने गुरुङ्गले बताउनुभयो। उद्घाटन समारोहमा बोल्दै आयोजक पोखरा क्रिकेट एकेडेमीका अध्यक्ष बविन कुँवरले क्रिकेट विकासका लागि हातेमालो गर्ने संस्थाहरुप्रति कृतज्ञता जाहेर गर्नुभयो।




पोखरामा युवा खेलाडी उत्पादनका लागि विद्यालय स्तरिय क्रिकेटका प्रतियोगिताहरु सञ्चालन गरिनुपर्नेमा उहाँले जोड दिनुभयो। सो अवसरमा प्रतियोगितामा सहभागि खेलाडीहरुलाई खेल जुत्ता तथा जर्सी पनि निःशुल्क रुपमा वितरण गरियो। यसैविच प्रतियोगिताको उद्घाटन खेलमा अम्मरसिंह माविले गगन सेकेण्डरी स्कुललाई पराजित गरेको छ। सो खेलमा ३८ बलमा १ सय २० रन बनाएका अम्मरसिंहका सुदिप भट्टराई म्यान अफ द म्याच भए। अर्को खेलमा त्रिभुवन माविले जनप्रकास माविलाई पराजित गर्दा ३ ओभरमा ३ विकेट लिएका त्रिभुवन माविका आशिष नेपाली म्यान अफ द म्याच भए। प्रतियोगितामा छात्र तथा छात्रा दुवैतर्फ १४/१४ टिमको सहभागिता रहेको छ।

# टुडिखेलमा निर्मित बास्केटबल कोर्टको उद्घाटन

पोखरापत्र संवाददाता
पोखरा, २१ जेठ

पोखरा महानगरपालिका १ पुरानो टुडिखेलमा निर्मित बास्केटबल कोर्टको उद्घाटन गरिएको छ।

स्थानीय क्लब बुद्धटोल युवा क्लबको पहलमा निर्मित उक्त बास्केटबल कोर्टको उद्घाटन गण्डकी प्रदेशका युवा तथा खेलकुद मन्त्री राजीव गुरुङले गरेका हुन्। उक्त बास्केटबल कोर्ट निर्माणका लागि युवा तथा खेकदुद मन्त्रालयबाट ९ लाख सहयोग गरिएको बास्केटबल कोर्ट निर्माण समितिका अध्यक्ष तथा युवा व्यवसायी हिटलर घलेले जानकारी दिए। उनका अनुसार बुद्धटोल क्लबले ५ लाख र राष्ट्रिय उच्च माविले १ लाख सहयोग गरेको थियो। यसैगरि व्यक्तिगत रुपमा पनि कोर्ट निर्माणका लागि



आर्थिक सहयोग गरेको अध्यक्ष घलेले बताए। 'युवा तथा खेलकुद मन्त्रालयको लागतमा निर्माण गरेका हौं, उनले भने, 'यसमा क्लबको पनि केही परेको छ केही व्यक्तिहरुको पनि सहयोग छ।

अहिले पहिलो चरणको काम सकिएको छ। अब अर्को चरणमा प्यरापिट तथा चेन्जिङ रुमको योजना छ।' उक्त उद्घाटनको क्रममा विभिन्न ४ टिमलाई मैत्रीपूर्ण खेल आयोजना गरिएको क्लबका उपाध्यक्ष असिम थापाले जानकारी दिए। उनका अनुसार सो खेलमा पर्वत क्लब र मास्क टिम विजयी भएको थियो। बुद्धटोल क्लबका अध्यक्ष विजया गुरुङको सभातत्विमा सम्पन्न कार्यक्रममा युवा समाजसेवी अमृत लामा गुरुङले स्वागत मन्तव्य व्यक्त गरेका थिए भने अर्जुन परियारले कार्यक्रम सञ्चालन गरेका थिए।

# स्याङ्जाको बहाकोटमा निशुल्क स्वास्थ्य परीक्षण

पोखरापत्र संवाददाता
पोखरा, २१ जेठ

दर्शन फाउण्डेशनको आयोजना तथा युनाइटेड रेफरेन्स ल्याबोरेटोरी (युआरएल) तथा जिल्ला स्वास्थ्य कार्यालय स्याङ्जाको प्राविधिक सहयोगमा स्याङ्जाको पुतलीवजार नगरपालिका वडा नं. ८ बहाकोटमा निशुल्क रगत तथा पाठेघरको मुखको क्यान्सरको निशुल्क स्वास्थ्य परीक्षण सम्पन्न भएको छ।

बहाकोटको भञ्ज्याङमा रहेको श्री नु बहाकोट मावि प्राङ्गणमा सम्पन्न उक्त कार्यक्रममा तिन सय भन्दा वढि सर्वसाधारणहरुले स्वस्थ्य जाँच गराएका थिए। प्रमुख अतिथि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका वरिष्ठ फिजिसियन डा. कृष्णराज अधिकारीले कार्यक्रम उद्घाटन गर्दै रोग लाग्नै नदिनु सवै भन्दा उत्तम उपाय भएतापनि रोग लागि हाले पालेर राख्न नहुने वताए। उनले प्रायः नेपालीहरुलाई दैनिक खानपिन सम्बन्धि गलत सोचाइको कारण विरामी भएको धेरै समयसम्म उपचार नपाउने गरेको वताए। कार्यक्रममा



मुख्य प्राविधिक सहयोग गरेको संस्था युआरएलका अध्यक्ष ठाकुर प्रसाद पन्तले विभिन्न संघसंस्थाको सहकार्यमा संस्थाले सामाजिक उत्तरदायित्व अन्तरगत ग्रामिण भेगमा बस्ने सर्वसाधारणहरुलाई निशुल्क स्वास्थ्य परिक्षण गर्दै आएको बताए।

सो अवसरमा पत्रकार कृष्ण रानाभाटले फिजिसियन डाक्टर सहितको स्वास्थ्य परीक्षण गाउँमै निशुल्क सेवा पाउनु नै ग्रामिण भेगमा बस्ने सबैलाई खुशीको कुरा भएको बताउँदै यस्तो अवसरको सबैले लाभ लिनुपर्ने वताएका थिए। उक्त कार्यक्रममा वडा कार्यालय, स्थानिय क्रान्तिदिप आमा समुह, क्रान्तिदिप युवा क्लब, बहाकोट स्वास्थ्यचौकी, बहाकोट कालिका एग्रो फर्म, धोवादी एग्रोले सहयोग गरकोमा प्रसंशापत्र प्रदान गरिएको थियो। कार्यक्रममा युआरएलका निर्देशक गणेश प्रसाद कोइराला, वडा सदस्य रबि सेन, श्री नु बहाकोट माध्यमिक विद्यालयका प्रधानाध्यापक श्यामकुमार थापाले शुभकामना व्यक्त गरेका थिए। दर्शन फाउण्डेशनका अध्यक्ष पितमबहादुर सेनको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत गौतम सिंह ठकुरीले र संचालन सचिव मदन मल्ल छाँयाले गरेका थिए।

# म्यादी प्रहरीलाई निःशुल्क तालिम

पोखरापत्र संवाददाता
पोखरा, २१ जेठ

स्थानीय तह निर्वाचन २०७९ मा म्यादी प्रहरी भई काम गरेका युवालाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी)मार्फत निःशुल्क तालिम प्रदान गरिएको छ।

युवालाई स्वरोजगार बनाउने उद्देश्यका साथ तालिम प्रदान गरिएको गण्डकी प्रदेश कार्यालय पोखराका निर्देशक प्रमोदभक्त आचार्यले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "सीपमूलक तालिम र रोजगारी/स्वरोजगारी वा उत्पादनका क्षेत्रमा जोड्ने कार्यमा सहजीकरण गर्ने उद्देश्यले माग गरिएबमोजिम तालिम गरेका हौं।" उहाँका अनुसार शुक्रबार (सिटिइभिटी) गण्डकी प्रदेश कार्यालय पोखराले जिल्ला प्रशासन र जिल्ला प्रहरी कार्यालय कास्कीको सहकार्यमा तत्काल बजारको मागअनुसार विभिन्न किसिमका छोटो अवधिको तालिमको सुरुआत गरेको हो।

म्यादी प्रहरीको लागि सञ्चालन गरिएको तालिममा हाललाई जुनियर विल्डिङ इलेक्ट्रीसियन, प्लम्बर र किचन सहयोगी (कुक) तालिम सञ्चालन गरिएको छ भने बाँकी तालिम आगामी दिनमा क्रमशः सञ्चालन गरिँदै जाने आचार्यले बताउनुभयो। तालिम आवश्यकताका आधारमा १४० घण्टा (२७ कार्यदिन) को पाठ्यक्रम तयार गरी सञ्चालन गरिनेछ। कार्यक्रममा तालिमको आवश्यकता पहिचानको लागि सिटिइभिटी, गण्डकी प्रदेश कार्यालयबाट स्थानीय तहको चुनाव सम्पन्नपश्चात् कास्की जिल्लाबाट बिदाइ भई जान लागेका एक हजार ४०० म्यादी प्रहरीलाई प्रश्नावली भर्ने व्यवस्था मिलाइएको थियो। करिब ८७५ ले प्रश्नावली भरी सिटिइभिटी, गण्डकी प्रदेश कार्यालयमा पठाइएको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कका आधारमा आवश्यकता पहिचान गरी सीपमूलक तालिम सञ्चालन गरिएको निर्देशक आचार्यले बताउनुभयो। म्यादी प्रहरीलाई सीपमूलक तालिममार्फत उत्पादनशील क्षेत्रमा जोड्नका लागि नेपाल सरकारको आगामी आव २०७९/८० को बजेट वक्तव्यमा सम्बोधन भएकोमा आचार्यले सरकारप्रति आभारसमेत व्यक्त गर्नुभएको थियो।

कास्कीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले म्यादी प्रहरी बनेर राष्ट्र सेवामा संलग्न युवालाई लक्षित गरी उद्यमशीलता र स्वरोजगार केन्द्रित कार्यक्रम सञ्चालन गरिने बजेटमा उल्लेख भएको जानकारी गराउँदै उहाँहरुको रुचिका विषयमा तालिम प्रदान गरी कृषि, वनजन्य र अन्य उद्यममा संलग्न हुने अवसर उपलब्ध गराइने तथा सञ्चित सुरक्षा बलको रूपमा उपयोग गर्न आवश्यक व्यवस्था मिलाइने नीति राज्यले लिएको बताउनुभयो। जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी उपरीक्षक रमेश थापाले दक्ष जनशक्ति उत्पादन गर्न सीपमूलक तालिमको आवश्यकता छ भन्नुभयो। कार्यक्रममा लेखनाथ उद्योग वाणिज्य सङ्घका अध्यक्ष छत्रधर आत्रेय, पोखरा उद्योग वाणिज्य सङ्घका कोषाध्यक्ष बलराम आचार्यलगायतले बजारको मागअनुरूपको दक्ष तथा सीपमूलक जनशक्ति उत्पादनमा सिटिइभिटीले खेलेको भूमिका महत्वपूर्ण रहेको धारणा राख्नुभयो।

प्राविधिक शिक्षालय पोखराका प्रमुख हर्कलाल श्रेष्ठले बेरोजगार युवालाई आवश्यक सीप दिएर उत्पादनमूलक रोजगारी सिर्जना गरी मुलुकमा उपलब्ध युवा श्रम शक्तिको अधिकतम उपयोग गर्न प्राविधिक शिक्षालय लागि परेको बताउनुभयो। आर्थिक वर्ष २०७९/८० को बजेटमा योग्य जनशक्तिलाई रोजगारीका क्षेत्रमा आफ्नो सम्भावनाको उच्चतम प्रयोग गर्नसक्ने बनाउन सङ्घ, प्रदेश र स्थानीय तहको सहकार्यमा सीपमूलक व्यावसायिक तालिम कार्यक्रम सञ्चालन गरिने उल्लेख छ। सबै बेरोजगार जनशक्तिको योग्यता, क्षमता र सीपसमेत उल्लेख हुने गरी तथ्याङ्क अद्यावधिक गरिने, कृषि तथा वन, पर्यटन, पूर्वाधार, सूचना प्रविधि, औद्योगिक र घरेलु तथा साना उद्योग क्षेत्रलाई रोजगारी सिर्जनाको स्तम्भको रूपमा विकास गरिने योजना बजेटमा ल्याइएको छ।


## सवारी दुर्घटनाबाट बचौं र बचाऔं।

- मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
- आफूले यात्रा गरिरहेको सवारीसाधनको चालकले मादक पदार्थ सेवन गरेमा वा गरेको शंका लागेमा तत्काल प्रहरीलाई खबर गरौं,
- क्षमताभन्दा बढी यात्रु र सामान नराखौं,
- अनियन्त्रित र तीव्र गतिमा सवारीसाधन नचलाऔं,
- समय-समयमा सवारीसाधनको मर्मत संभार गर्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## अध्यक्ष...

विजय नै आम नेपालीको विजय भएको उल्लेख गर्दै कुनै एउटा पार्टीगतभन्दा पनि मतदाताको सम्मानका लागि विकासका काम गर्न अध्यक्ष दाहालले शुभकामना दिनुभएको छ। अध्यक्ष दाहालले धरान, काठमाडौँलगायतमा स्वतन्त्र उम्मेदवार विजयी हुनुले मुलुकमा नयाँ क्रान्तिको शुरुवात भएको बताउनुभएको सचिवालयले जनाएको छ। भेटपछि राससँगको कुराकानीमा प्रमुख शाहले अध्यक्ष दाहालसँगको भेटमा आफूले विकासको काममा निरन्तरता दिने, विकासको एजेण्डा बोक्न सक्ने र दृष्टिकोण भएका व्यक्तिलाई राजनीतिमा ल्याउनुपर्ने आवश्यकता रहेको बताएको जानकारी दिनुभयो। यसअघि प्रमुख शाहले प्रधानमन्त्री शेरबहादुर देउवा र नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीसँग भेटवार्ता गरिसक्नुभएको छ।


## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरू :

» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।

- जर्ज बार्वर

## सम्पादकीय

# जनतालाई दुख दिने विदा

सरकारले इन्धन खर्चसँग जोडेर दुई दिन बिदा दिन गरेको निर्णय उपलब्धिहिन बन्दै गएको छ। सरकारी खर्च जोगाउन र इन्धन खपत घटाउन भनेर जेठ १ गतेबाट शुरुआत भएको दुईदिने विदाले सेवाग्राही मारमा परेका छन । अति आवश्यक सेवा सातै दिन सञ्चालन गर्नुपर्ने हुन्छ ।, 'सिफ्ट छुट्याएर पनि अति आवश्यक सेवा हरेक दिन सञ्चालन गर्नुपर्छ । यसलाई इन्धन बचतसँग जोडेर मात्र हुँदैन। अनावश्यक बिदा कटौती गर्नुपर्छ। वर्षभरिको बिदालाई जम्मा गरी राष्ट्रिय दिन र राष्ट्रिय चाडबाहेक अतिरिक्त बिदा राख्नु हुँदैन ।' जसरी पत्रपत्रिका टेलिभिजन रेडियो बन्द हुँदैनन् । त्यहाँ पनि त बिदा छ होला नि । त्यसरी नै सेवालाई बिदा पनि हुने र काम पनि नरोकिने हुनुपर्छ ।' प्रत्यक्ष जनतासँग जोडिएर सेवा प्रवाह गर्ने कार्यालयका कर्मचारी दुई दिन बिदामा बस्दा जनता मारमा पर्नेछन ।

सरकारी कर्मचारीले शनिबार र आइतबार गरी १०४, बिरामी १२, पर्व ६ र भैपरी आउने बिदा ६ दिन पाउँछन् । यस्तै चाडपर्व र दिवसका नाममा सार्वजनिक बिदा त छँदै छन्। यो वर्ष मात्रै कम्तीमा ३१ वटा बिदा राजपत्रमा प्रकाशित छ। असाधारण बिदा र अध्ययन बिदा पाँच वर्षसम्म पनि पाउने व्यवस्था छ। असाधारण बिदा पनि तीन वर्षसम्म पाउने व्यवस्था निजामती सेवा ऐनमा छ। बेतलबी रूपमा पाँच वर्षसम्म कर्मचारीले बिदा पाउने व्यवस्था छ । कर्मचारीले पाउने विदासंग सेवा जोडिएको छ। जति धेरै विदा त्यतिकै जनताले असुविधा भोग्नुपर्नेछ।

सरकारी बिदाको तथ्यांकलाई हेर्दा १२ महिनामा झन्डै ७ महिना अर्थात् १६१ दिन बिदै बस्छन् भन्नेमा अनुमान छ । सार्वजनिक कार्यालयहरूको सेवा प्रवाह भने अति सुस्त अर्थात् ढिलासुस्तीयुक्त छ। सर्वसाधारणलाई सेवा लिन सहज छैन । कार्यालय लागेका दिन पनि अधिकांश कार्यालयका प्रायः कर्मचारी दत्तचित्त भएर काम गरेको पाइँदैन । त्यसमाथि इन्धन जोगाउने बहानामा सरकारले आइतबार पनि बिदा थपिदिएको छ।

कर्मचारीलाई बिदैबिदा दिँदा राज्यलाई केही फाइदा छैन । तेलको खपत घट्दैन । सरकारी खर्च घट्ने संभावना छैन । सरकारले जेठ १ गतेबाट लागू हुने गरी हप्तामा दुई दिन बिदा दिन थालेको छोटो अबधिमा प्रश्न उठ्छ राम्रो होइन।, कर्मचारीले अचाक्ली बिदा पाउँने हो भने नागरिकलाई पनि त्यही अनुसारको सेवा सुविधा दिन सकेमात्र सातामा दुई दिन विदा स्वभाविक हुन्छ । अहिलेको अवस्थामा धेरै दिनको विदा जनतालाई दुख राष्ट्रलाई क्षति हो।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : झमेला बड्ने |
| वृष | : मन चञ्चल | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मानसिक तनाब | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : शारीरिक झमेला | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# सिलिण्डर ग्यास पड्किदा बालिकाको मृत्यु

**पोखरापत्र संवाददाता**
**तनहुँ, २१ जेठ**

खाना पकाउने सिलिण्डर ग्यास पड्किदा तनहुँमा शनिबारएक बालिकाको मृत्यु भएको छ।

मिृत्यु हुनेमा जिल्लाको भीमाद नगरपालिका-९ च्यानडाँडा निवासी शिवनारायण क्षेत्रीको १२ वर्षीय छोरी सुभेक्षा केसी क्षेत्री रहेकी छिन्।

सिलिण्डर ग्यासमा अचानक आगलागी भई पड्किदा बालिकाको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक युवराज खड्काले बताउनुभयो । मृतकको शव दमौली अस्पतालमा परीक्षणका लागि पठाइएको उहाँले जानकारी दिनुभयो।

# म्याग्दीमा बढ्यो दूधको मूल्य

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २१ जेठ**

म्याग्दीमा असार महिनादेखि लागू हुने गरी दूधको मुल्य बढाइएको छ।

दुई वर्षयता दूधको मूल्य समायोजन नहुदाँ कृषक मर्कामा परेको गुनासोसँगै आइरहेको बेला दूधको मूल्य बढेपछि पशुपालक कृषकहरू खुसी भएका छन् । मूल्य निर्धारणका लागि बसेको बैठकले किसानले प्रतिलिटर रू ११० र ब्यापारीले अधिकतम रू १३२ सम्म बिक्री गर्ने गरी मूल्य निर्धारण गरिएको भेटेरीनरी अस्पताल तथा पशु सेवा म्याग्दीले जनाएको छ । यसअघि कृषकले दूधको मूल्य रु ९० प्रतिलिटर र डेरीले उपभोक्तालाई रू १२० मा बिक्री गर्ने गरेका थिए । गाईको प्रतिलिटर रू ८० कायम गरिएको छ । मूल्यवृद्धि भएसँगै प्रतिलिटरमा कृषकलाई प्रतिलिटर रु २० र डेरी ब्यवसायीले १२ रुपैयाँ बढी पाउने भएका छन् । केन्द्रका प्रमुख जीवन आचार्यका अनुसार डेरी ब्यवसायीले किसानबाट खरिद गरेकोभन्दा २० प्रतिशत बढी लिन नपाउने बताउनुभयो।

दूधको मूल्य समायोजनले कृषकलाई राहत मिलेको बेनी नपा-६, बास्बोटका दुर्गाप्रसाद पौडेलले बताउनुभयो । "हरेक वर्ष मूल्यवृद्धिअनुसार समायोजन हुनुपर्छ, कृषकको माग सम्वोधन भएको छ" पौडेलले भन्नुभयो। यताउपभोक्तालेदूधआमउपभोक्तासामु पुर्याउन गुणस्तरमा ध्यान दिँदै मूल्यस्थिर बनाउनुपर्नेमा जोड दिएका छन् । उपभोक्ताले तिर्ने मूल्य अनुसारको गुणस्तरमा सरकारी निकायबाट नियमित अनगुमन हुन नसकेको उपभोक्ताको गुनासो छ। भेटेरिनरी अस्पताल तथा पशु सेवा सहित सरोकारवाला निकायले दूध संकलन खर्च, ढुवानी खर्च, प्रशोधन, प्योकजिङ, बजारसम्म ढुवानी, विक्रेता कमिसनसम्म ध्यान दिदाँ दूधमा मिसावटको अवस्थाका बारेमा समेत डेरीवालालाई सचेत बनाउनुपर्नेमा उपभोक्ताको माग छ।

# सेलाइयो सती घाटु

**पोखरापत्र संवाददाता**
**बागलुङ, २१ जेठ**

मगरगाउँ पाण्डवखानीमा महिना दिन चलेको परम्परागत घाटु नाच शनिबार विर्सजन गरिएको छ । बर्सेनि माघमा फुक्ने घाटु जेठको तेस्रो सातातिर सकिन्छ । त्यसलाई 'घाटु सेलाउने' पनि भनिन्छ।

लोकसंस्कृतिमा आधारित सती घाटु गलकोट नगरपालिका-१० पाण्डवखानीमा प्रचलित छ । शास्त्रीय नाचका रूपमा लिइने घाटुलाई गीतिनाटक शैलीमा प्रस्तुत गरिन्छ। यस वर्ष वैशाख कृष्ण औंसीदेखि सती घाटु सुरु भएको थियो । बुद्ध पूर्णिमाका दिन त विशेषरूपमा घाटु देखाउने चलन छ । सो दिन घाटु नाच हेर्नकै लागि टाढाटाढाबाट सर्वसाधारण पाण्डवखानी पुग्छन्। घाटु संरक्षण समितिका अध्यक्ष गिरिप्रसाद थापाले शुक्रबारको अन्तिम नाचपछि आज विधिवतरूपमा सती घाटु विर्सजन गरिएको बताउनुभयो । "अब छ महिना घाटु देखाउन नमिल्ने मान्यता छ, माघपछि बल्ल घाटु फुक्छ", उहाँले भन्नुभयो, "विधिपूर्वक पूजापाठसहित घाटुनीको बिदाइ गरेपछि घाटु समापन हुन्छ ।" बिदाइपछि घाटुनीलाई बाटोमा एक्लै हिँड्दा बाधा नआओस् भनी पूजाका क्रममा कामना गर्ने गरिन्छ। "देवीदेउताले छोएका घाटुनीको शरण पर्ने, उनीहरुको गुरुबाहरुको पूजा गर्ने काम हुन्छ", अध्यक्ष थापाले भन्नुभयो, "बिदाइमा कारुणिक गीत गाइन्छ, नाच पनि त्यस्तै हुन्छ ।" यसपालि बीना पुन, स्नेहा पुन, धनमाया घर्ती र सृष्टि बस्नेत घाटुनीका रूपमा हुनुहुन्थ्यो । छ महिनासम्म घाटु फुक्ने गरे पनि पाण्डवखानीमा मुख्यतः वैशाख र जेठमा सती घाटु देखाउने परम्परा छ । तत्कालीन पर्वते राजा परशुराम र रानीको जीवनकथामा आधारित सती घाटुमा पूजापाठ चलाउने गुरुबाहरूसहित गीत गाउने कलाकार र नाच्ने घाटुनी हुन्छन् । युद्धमा राजाको वीरगतिपछि रानीहरूको बिलौना गीत र नृत्यमार्फत घाटुमा अभिव्यक्त गर्ने गरिन्छ। राजाको वियोगमा मुर्छित रानी सती गएको कथालाई गीतिलयमा ढालेर रानीको प्रतीकको रूपमा घाटुनीहरु नाच्ने गर्छन् । गीतकै सुरमा घाटुनीहरूको आँखा बन्द हुने, ढल्ने र पुनः गीतबाटै उनीहरुलाई उठाउने गरिन्छ । महिला र पुरुष कलाकारले समूहमा बसेर कारुणिक गीतहरु गाउँछन् । घाटुनीहरू गीतको सुरमा लठ्ठिएर नाच्छन् । नृत्यकै क्रममा आँखा पूरै बन्द हुनुमा कुनै 'अलौकिक शक्ति' रहेको जनविश्वास छ । सती घाटुमा कथाअनुसार अइरा, सतीलगायत विभिन्न खण्डहरू हुने अध्यक्ष थापाले बताउनुभयो। अइरा खण्डमा रोपाइँ र ढ्याङ्ग्रो नाच देखाउने गरिन्छ।

भगवान शिवजीले जोगीको भेषमा राजासँग निहुँ खोजेपछि रानी मुर्छित भएर ढलेको कथा सती घाटुमा छ। पाण्डवखानीमा बर्सेनि आयोजना हुने वैशाखे पूर्णिमा मेलाको मुख्य आकर्षण पनि घाटु हुने गर्छ । पछिल्ला दुई वर्ष भने कोरोना महामारीका कारण मेलासँगै घाटु नाचको परम्परा पनि रोकिएको थियो।

# रामबजार युथ क्लवको रत्तलदान कार्यक्रममा ३४ युनिट रगत संकलन

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ जेठ**




पोखरामा रक्त अभावलाई मध्यनजर गरी रामबजार युथ क्लवले आफ्नो नवौं वार्षिकोत्सवको अवसर पारी आयोजना गरेको खुल्ला रक्तदान कार्यक्रममा ३४ युनिट रगत संकलन भएको छ।

गण्डकी प्रदेशका उपसभामुख सिर्जना शर्माले पहिलो रक्तदाता शंकर नेपालीलाई ब्लड ब्याग हस्तान्तरण गरि उद्घाटन गरिएका कार्यक्रममा ३४ जनाले रक्तदान गरेका थिए। क्लवले आयोजना गरेको रक्तदान कार्यक्रमको उद्घाटन गर्दै गण्डकी प्रदेशका उपसभामुख सिर्जना शर्माले रामबजार युथ क्लवले आफ्नो वार्षिकोत्सवको अवसर पारी रक्तदान जस्तो महत्वपूर्ण कार्यक्रमको आयोजना गरेकोमा धन्यवाद ब्यक्त गरिन। रामबजार युथ क्लवले युवाहरुलाई बिकृति र विसंगतिबाट मुक्त गराइ सामाजिक सेवामा लाग्न प्रेरित गरेको वताउदै यसको अनुसरण अन्य संघ संस्था तथा क्लवहरुले गरेको खण्डमा सभ्य समाज निर्माण हुने उनको भनाइ रहेको थियो ।

उक्त कार्यक्रममा वडा नं. १० का निर्वाचित सदस्य पूर्ण चन्द्र न्यौपाने, रामबजार युथ क्लबका सल्लाहकारहरु राम ब. गुरुङ (संस्थापक अध्यक्ष, रामबजार सोसाईटी यू.के ), रुपक गुरुङ (भु.पु अध्यक्ष, रामबजार सोसाईटी यू.के), डा.चन्द्र ब. गुरुङ (पञ्चायत कालका भु.पु सभासद एवम सल्लाहकार, रामबजार सोसाईटी यू.के), ज्ञान ब.थापा (अध्यक्ष, कृष्ण मन्दिर सञ्चालक समिति), क्या.थमन थापा (अध्यक्ष,जेष्ठ नागरिक मिलेन केन्द्र), भुपेन्द्र कुँवर (निवर्तमान कोषाध्यक्ष,जेष्ठ नागरिक मिलेन केन्द्र), माया गुरुङ (अध्यक्ष, माछापुच्छ्रे आमा समुह) लगायतको सहभागीता रहेको क्लवलका सचिव सनम गुरुङले जानकारी दिए । कार्यक्रममा क्लबका शुभचिन्तक पोखेली ट्याक्सी सेवा प्रा.लिका सञ्चालक सदस्य बिकास थापा र रामबजार ट्याक्सी सेवा प्रा.लिका संयोजक झक वीर थापा ले आर्थिक सहयोग गरेको क्लवका अध्यक्ष धन बहादुर पुनले जानकारी दिए।

# होटल प्रतिनिधि समाज पोखरामा दोहोरीए: शन्त कुमार

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ जेठ**



होटल प्रतिनिधि समाज पोखराको अध्यक्षमा पुन शन्त कुमार महतो दोहोरीएका छन । शनिबार भएको समाजको २४ औ साधारण सभा तथा १२ औ अधिवेशनले आगामि २ बर्ष को लागि महतोको अध्यक्षतामा १५ सदस्य नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको छ।

समाजको बरिष्ठ उपाध्यसक्षमा सन्तोष काफ्ले, प्रथम उपाध्यक्षमा हरिलाल शर्मा तिमिल्सिना, दित्तिय उपाध्यक्षमा जिबराज उपाध्याय चयन भएका छन् । यस्तै महासचिवमा माधब लम्साल, सचिब सन्तोष देवकोटा, कोषाध्यक्षमा पुरुषोत्तम न्यौपाने, सहकोषाअध्यमा दिपेन्द्र अर्याल चुनिएका छन् । यस्तै सदस्यहरुमा केशव नेपाली, शम्भु प्रसाद पौडेल, खेमानन्द अर्याल, शिब प्रसाद अधिकारी, निरज अधिकारी, प्रबिन बि.क र बिकास दाहाल निर्वाचित भएको निर्वाचन अधिकृत अधिवक्ता नारायण प्रसाद पौडेलले जानकारी दिए।

अधिबेशनको उद्घाटन गदै पश्चिमाञ्चल होटल संघ पोखराका अध्यक्ष तथा समाजका सल्लाहकार लक्ष्मण सुबेदीले पोखरालाई प्रर्यटनको राजधानि घोषण गर्ने नेपाल सरकारलाई आग्रह गरेका छन । होटल प्रतिधिनिहरु प्रत्यक्षरुपमा प्रर्यटकका दुत भएकाले पोखरालाई कस्तो पर्यटककीय क्षेत्र बनाउनेमा होटल प्रतिनिधिहरुको महत्वपूर्ण भुमिका हुने हुदा होटल संघ यहाँहरु सगँसगै हातेमालो गर्दै अघि बढ्ने सुनाए। प्रतिनिधि समाज होटल संघको अभिन्न अंग भएको हुनाले समाज र होटल संघ को सम्बन्ध नङ र मासु जस्तै हुनु पर्ने कुरामा जोड दिए। कोभिड १९ले पर्यटनमा पारेको असरको बारेमा सरकारबाट कुनै सहयोग नपाएको गुनासो गर्दै संघ र प्रदेश सरकार सगँ पर्यटन ब्यवसायिहरुका लागि हित हुने नयाँ योजना ल्याउन आवाज उठाउने प्रतिबद्धता ब्यक्त गरे।

संस्थाका पूर्व अध्यक्ष तथा पोखरा महानगर पालिका वडा न ६का वडा सदस्य दिपेन्द्र पहारीले होटल प्रतिनिधिहरु पर्यटकका राजदुत भएकाले पोखराको बारेमा पर्यटकलाई सकरात्मक सन्देश दिन आग्रह गरे। पोखरा महानगर पालिका प्रतिनिधि समाज सँग सहकार्य गरि अघि बढ्ने विश्वास दिलाए । अध्यक्ष शन्त कुमार महतोको सभा अध्यक्षतामा भएको कार्यक्रममा निबर्तमान अध्यक्ष राजकुमार गुरुङ, महासचिब माधब लम्साल, सल्लाहकार रामचन्द्र आर्चाय, कोषाअध्यक्ष पुरुषोत्तम न्यौपाने र कार्यक्रम संयोजक सन्तोष काफ्ले लगाएतका बक्ताहरुले आफ्ना भनाई राखेका थिए। महासचिब माधब लम्साललले प्रस्तुत गरेको प्रगति प्रतिबेदन र कोषाअध्यक्ष पुरुषोतम न्यौपाने प्रस्तुत गरेको आर्थिक प्रतिबेदन सभाले सर्वसर्म्मत पास गरेको थियो।

# टिपरको ठक्करबाट स्कुटर चालकको मृत्यु

**पोखरापत्र संवाददाता**
**तनहुँ, २१ जेठ**

पृथ्वीराजमार्गसडकखण्डअर्न्तगत व्यास नगरपालिका-१२ देउरालीमा शनिबार साँझ सवारी दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ। प्रहरीले दिएको जानकारीअनुसार मृत्यु हुनेमा जिल्लाको बन्दीपुर-१ निवासी २१ वर्षीय स्कुटर चालक ईश्वर क्षेत्री रहेका छन्।

टिपरको ठक्करबाट सख्त घाइते क्षेत्रीको दमौली अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो । दमौलीबाट डुम्रेतर्फ जाँदै गरेको ग१क ५५३३ नंको टिपरले विपरीत दिशामा गुडिरहेको ग१५प १४८४ नंको स्कुटरलाई ठक्कर दिँदा उक्त घटना भएको हो । टिपर चालकलाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक युवराज खड्काले जानकारी दिनुभयो।

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

**पोखरा महानगरपालिका -१४, नविन टोल ढलान बाटो निर्माण योजना कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम : नविन टोल ढलान बाटो निर्माण योजना**

**स्थान : पोखरा-१४,वि.पि. मार्ग, नविनटोल,कास्की**

**योजनाको कुल लागत: १७,१४,२८६/-**

**योजना सम्झौता मिति : २०७८/१२/१३**

**योजना सम्पन्न मिति : २०७९/०२/१५**

**महानगरपालिकाबाट प्राप्त रकम : १२,००,०००/-**

**जनसहभागिताबाट : ५,१४,२८६/-**

**बाटोको कुल लम्बाई : २०१ मिटर**

**उपभोक्ता समिति अध्यक्ष : लेखनाथ बस्ताकोटी**

**नविन टोलको ढलान बाटो निर्माण उपभोक्ता समिति**
**पोखरा-१४, कास्की**

# धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको २१ दिने सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०७८/०२/२२**

यस कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. कास्की, पोखरा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले आफ्नो उद्योग/ व्यापार, व्यवसाय संचालन गर्न लिनु भएको ऋणको यस संस्था संग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने सांवा, व्याज, पेनाल व्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं मिति २०७८/०९/१७ गतेको समाधान राष्ट्रिय दैनिकमा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई संस्था संग गरेको ऋण सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नु भएकोले संस्थाको नाममा धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पति जहाँ जे अवस्थामा छ, सोही अवस्थामा सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५, गण्डकी प्रदेश सहकारी ऐन २०७५ तथा गण्डकी प्रदेश सहकारी नियमावली ऐन २०७६, यस संस्थाको विनियम, ऋण नीति २०७७ तथा ऋण असुली नीति २०७७ ले दिएको अधिकार तथा संस्थाको नियमानुसार अधिकार प्रयोग गरी बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले सहकारीबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी सूचना प्रकाशित भएको मितिले ३५ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्दा कुनै पनि गोप्य शिलबन्दी बोलपत्र नपरेको हुदाँ तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही दोश्रो पटक यो सूचना प्रकाशित भएको मितिले २१औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु २२औं दिनका दिन तपसिल स्थानमा खोलिने हुँदा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न, धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। साथै ऋण असुलीको कारवाही अन्तर्गत ऋणी, धितो जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि संस्थाको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानुन बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**तपसिल**

| ऋणीको फोटो | ऋणी सदस्यको विवरण | जमानी को फोटो | जमानीको विवरण |
|---|---|---|---|
|  | १. नामः प्रदिप पहारी<br>जन्म मितिः २०३८/०६/१२,<br>वर्षः ४०, ना.प्र.नं.७८९६०,<br>जारी मितिः २०५५/१०/०३<br>जि.प्र.का. कास्की<br>बाबुः राम कृष्ण पहारी, बाजेः बद्रिदास पहारी<br>ठेगानाः साविक पोखरा-९, नयाँबजार<br>हाल पोखरा-९, नयाँबजार<br>सम्पर्क नं : ९८५१२२१२८६ |  | १. नामः मोहिनी पहारी<br>ना.प्र.नं.१२९२४८,<br>जारी मितिः २०५९/०६/०३<br>जि.प्र.का. कास्की<br>पतिः प्रदिप पहारी<br>ससुराः राम कृष्ण पहारी<br>ठेगानाः साविक पोखरा-९, नयाँबजार<br>हाल पोखरा-९, नयाँबजार |

धितो विवरण : श्री प्रदिप पहारीको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला पोखरा म.न.पा. वडा नं -९ स्थित कित्ता नं १७५ को क्षेत्रफल १४५.४० वर्ग मि. घर जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण।

| ऋणीको फोटो | ऋणी सदस्यको विवरण | जमानीको फोटो | जमानीको विवरण |
|---|---|---|---|
|  | १ . नामः गोपाल मिजार<br>जन्म मितिः २०३३/०२/०२,<br>वर्षः ४५, ना.प्र.नं.५१६९८२,<br>जारी मितिः२०५१/११/०९, जि.प्र.का. पर्वत<br>बाबुः मकरे सार्की, बाजेः हस्ते सार्की<br>ठेगानाः साविक पाङ्ग-८, पर्वत<br>हाल पोखरा-८, नागढुङ्गा<br>सम्पर्क नंः ९८४३२५५५९५ |  | १. नामः कमला मिजार<br>ना.प्र.नं. ३७६८७, जारी मितिः २०५९/०८/०६<br>जि.प्र.का. पर्वत<br>पतिः गोपाल मिजार<br>ससुराः मकरे सार्की<br>ठेगानाः साविक पाङ्ग-८, पर्वत<br>हाल पोखरा-८, नागढुङ्गा |
| | |  | २. नामः तुल छन्त्याल<br>ना.प्र.नं. ९१३७, जारी मितिः २०६२/०९/०६,<br>जि.प्र.का. म्याग्दी<br>पतिः श्याम छन्त्याल<br>ससुराः भुल बहादुर छन्त्याल<br>ठेगानाः साविक गुर्जा-६, म्याग्दी<br>हाल पोखरा-३, नदिपुर |

धितो विवरण : श्री गोपाल मिजारको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला पोखरा म.न.पा. वडा नं ७ को कित्ता नं १९८ को क्षेत्रफल १३१.२० वर्ग मि. र साविक धिताल गा.वि.स वडा नं ३ स्थित कित्ता नं १५८ को क्षेत्रफल १-०-३-१/५३४.५८ वर्ग मि. घर जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण।

**लिलाम बिक्रीको शर्त तथा बन्देजहरु :**

१. बोलपत्र फारम यस कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.को कार्यालय समय भित्र रु १,०००/- (फिर्ता नहुने) बुझाई प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइ सक्नु पर्नेछ। म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन संस्था विदा परेमा विदाको लगतै संस्था खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ। सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगतै संस्था खुलेको दिन दिउँसो ठिक ०३:३० बजे सम्ममा कारोवार गरी बोलपत्र खोल्न सकिनेछ।
४. बोलपत्रमा आफूले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकम सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ।
५. बोलपत्रमा आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम यस संस्थाको नाममा खिचिएको डाफ्ट/नगद जम्मा संस्था भौचर समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ
६. बढी रकम बोल गर्नेको बोलपत्र स्वीकृत भएमा संस्थाको नियम अनुसार बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ। उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
७. कुनै पनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने नगर्ने वा आपसिसहमतीमा गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ। लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस संस्थामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ।
९. सहकारी ऐन २०७४ को परिच्छेद १४ को दफा ७९ को उपदफा (६) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम संस्थालाई चित्तबुझ्दो नभएमा प्रचलित सहकारी ऐन, नियमावली, कानुन तथा आफ्नो नियम अनुसार संस्थाले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफूमा लिन/अधिनमा राख्न सक्नेछ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/बिजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैंले तिर्नुपर्नेछ।
११. उल्लेखित सम्पत्ति लिइ सकेपछि सोको सम्पूर्ण जवाफ देही स्वय खरिदकर्ताको हुनेछ। धनी संस्थासंग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाइने छैन।
१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा कुनै व्याज प्रदान गरिने छैन। साथै लिलाम सदर बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन।
१३. शिलबन्दी बोलपत्र यस संस्थाले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ। साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

**पूनश्चः** उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा संस्था आफैंले सकार गर्दा साविकमा संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा संस्था आफैंले सकार गरी लियो भनी कतै उजुरवाजुर गर्न पाउनुहुने छैन।

| बोलपत्र पेश गर्ने | बोलपत्र खोल्ने |
|---|---|
| मिति : २०७९/०३/१२<br>स्थान : कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.,<br>(पोखरा १३, वडा कार्यालय अगाडि)<br>समय : बिहान १०:०० देखि बेलुका ०५:०० सम्म | मिति :२०७९/०३/१३<br>स्थान : कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.,<br>(पोखरा १३, वडा कार्यालय अगाडी)<br>समय : दिनको ठिक ०३:३० बजे |

**कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड**

**पोखरा-१३, कास्की, फोन नं. ०६१-५३५७९५, ०६१-५२६९८८, ०६१-५३०५६७**

# घारीपाटन सहकारीद्वारा सेयर सदस्यहरुलाई सहकारी शिक्षा सम्वन्धी तालिम

पोखरापत्र संवाददाता
पोखरा, २१ जेठ

पोखरा १७ घारीपाटनमा रहेको घारीपाटन बचत तथा ऋण सहकारी संस्थाले आफ्ना सदस्यहरुको क्षमता अभिवृद्धिका लागि एक दिने सहकारी शिक्षा सम्बन्धी तालिम प्रदान गरेको छ।



शनिबार भएको तालिममा प्रशिक्षकद्धय पोखरा महानगर सहकारी संघका अध्यक्ष वलराम गौतम र नेफ्स्कुनका केन्द्रीय सदस्य कमला गिरीले सकरात्मक विचार, सहकारीमा अवसर र चुनौती, सहकारीमा सञ्चालक समिति तथा कर्मचारीको भुमिका साथै सदस्यहरुले जान्नुपर्ने सहकारीका नियमलगायतकाविषयमाप्रशिक्षण दिएका थिए। २०७५ सालमा स्थापना भएको सहकारीमा हाल ४ सय २२ शेयर सदस्य रहेको र सहकारीको पुँजी १ करोड ६३ लाख रुपैयाँ रहेको सहकारीका अध्यक्ष कृष्णकला केसी जानकारी दिईन। प्रशिक्षण अघि उद्धाटन समारोहमा बोल्दै प्रमुख अतिथि राष्ट्रिय सहकारी गण्डकी प्रदेश समन्वय समितिका सदस्य तेजनारायण अधिकारीले सहकारीमा सेयर सदस्य महत्वपुर्ण हुने बताउँदै सहकारीलाई गम्भीर भएर सोच्न सुझाव दिए।

एक सहकारी एक उत्पादनमा जोड दिनुपर्नेमा अधिकारीको जोड छ। उनले इमान्दारिपुर्वक व्यवसाय गर्ने ठाउँ सहकारी भएको बताउँदै सहकारीले प्रत्यक्ष रुपमा रोजगारी प्रदान गरि आर्थिक, सामाजिक उत्तरदायित्व लगायतका कार्यले राष्ट्रलाई नै अमुल्य योगदान दिएको उल्लेख गरे।

संस्थाको सञ्चालक सदस्य प्यारी गुरुङले स्वागत गरेको कार्यक्रममा शिक्षा समिति सदस्य राजन जोशीले सहकारीका सात सिद्धान्तको बारेमा प्रष्ट पारेका थिए भने कार्यक्रम सञ्चालन सचिव लिलबहादुर जि.सी ले गरेका थिए।

# शसक्त नमुना महिला समुह ११ औ वर्षमा, विभिन्न व्यक्तिहरु सम्मानित

पोखरापत्र संवाददाता
पोखरा, २१ जेठ

पोखरा ७ मासबारमा रहेको शसक्त नमुना महिला समुह ११ औ वर्षमा प्रबेश गरेको छ। बार्षिकोत्सवको अवसरमा आयोजना गरेको कार्याक्रम शुभकामना दिदै नेपाल सरकार स्वाथ्य परियोजनाका योजना विज्ञ छबि गौडेलले समुहले उत्कृष्ट काम गर्दै आएको बताए।



उनले महिलाहरु एक जुटभएर काम अगाडी बढाएमा जस्तो सुकै कामलाई सहज रुपमा सम्पन्न गर्न सकिने बताए। उनले आफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्ने बताए। शसक्त नमुना महिला समुहले नवनिर्वाचित पोखरा ७ का वडा सदस्यहरु सम्मान गरेको थियो। गौडेलले उनीहरुलाई सम्मान गर्दै वडा महिला समुह सगँ मिलेर घर घरमा स्वास्थ्य सेवा पुऱ्याउन सकिने बताए।

कार्यक्रममा पोखरा ७ का वडा सदस्य विष्णुमणि बराललले अग्रजहरुले वडा लिएको बाटो आफुहरुले लिने बताउदै वडाको विकासमा लाग्ने बताए। अर्की वडा सदस्य बसुन्धरा लामिछानेले महिला समुहहरुलाई अझ शसक्त बताउन आफुहरु लाग्ने बताइन्।

कार्यक्रममा महिला क्लब पोखरा ७ कि अध्यक्ष मिना आचार्य, महिला विकासका लागि आमा समुह पोखरा ७ कि अध्यक्ष मेनका बराल, मासबार आमा समुहकी अध्यक्ष टिकादेबी अधिकारी, जागरण बहुमुखी सहकारीका अध्यक्ष मोतिराम बराल, मदरल्याण्ड माविका प्राचार्य नारायण बराल लगाएतले शुभकामना दिएका थिए। उनीहरुले महिला समुहहरुले महिला शक्तिकरण र आर्थिक बृद्धिमा उल्लेख्य भुमिका खेलेको बताएका थिए। कार्यक्रममा शसक्त नमुना महिला समुहकी अध्यक्ष बिन्देश्वरी बराल संस्थाको उद्देश्य, उपाध्यक्ष निर्मला अर्याल बराल ले स्वागत, कोषाध्यक्ष तारा बराल ढकालले आर्थिक विवरण र सचिब लक्ष्मि देवी बराललले कार्यक्रम संचालन गरेका थिए। कार्यक्रममा समुहमा रहेको सदस्यका परिवारमा रहेका सबै भन्दा बृद्ध रामजी प्रसाद बराललाई दोसल्ला र अविरले सम्मान गरे। त्यसै गरी सबै भन्दा बढि उपस्थित हुने तारा बराल ढकाल र नियमीत किष्ता बुझाउने अस्मिता अधिकारी, राधा बराललाई सम्मानपत्र र अविरले सम्मान गरे।

# पर्वतमा नौ सदस्यीय समन्वय समिति बनाउने निर्णय

पोखरापत्र संवाददाता
पर्वत, २१ जेठ

दोस्रो स्थानीय तहको निर्वाचनपछि पर्वतको पाँचौं जिल्ला सभा शनिबार सम्पन्न भएको छ। सभामा जिल्लाका सातवटै स्थानीय तहका नवनिर्वाचित प्रमुख, उपप्रमुख, अध्यक्ष तथा उपाध्यक्ष गरी १४ को उपस्थिति रहेको थियो।

ज्येष्ठ सदस्य फलेवास नगरपालिकाका प्रमुख गङ्गाधर तिवारीको अध्यक्षतामा बसेको सभाले दश बुँदे महत्वपूर्ण निर्णय गरेको छ। स्थानीय तहको निर्वाचन शान्तिपूर्ण, स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित तवरबाट सम्पन्न गर्ने नेपाल सरकार, निर्वाचन आयोग जिल्लास्थित निर्वाचन अधिकृत, सुरक्षा निकाय, राजनीतिक दल तथा राष्ट्रसेवक कर्मचारीलगायतले सम्पूर्ण पक्षप्रति धन्यवाद व्यक्त गरेको छ।

सभाले जिल्ला समन्वय समिति नौ सदस्यीय बनाउने निर्णय गरेको छ। नेपालको संविधान २०७२ का धारा, २२० को उपधारा, ३ बमोजिम एक प्रमुख, एक उपप्रमुख, कम्तीमा तीन महिला र कम्तीमा एक दलित वा अल्पसङ्ख्यकसहित नौ सदस्यीय जिसस को निर्वाचन गर्ने व्यवस्थाअनुरुप नौ सदस्यीय समिति रहने निर्णय गरिएको जिल्ला समन्वय अधिकारी सुरेश ढकालले जानकारी दिनुभयो। उहाँका अनुसार समितिको निर्वाचनको मिति केही दिनमा तोकिने छ। सभाले आर्थिक वर्ष ०७९/८० का लागि नेपाल सरकार, गण्डकी प्रदेश सरकार र अन्य स्रोतबाट प्राप्त हुने बजेट तथा कार्यक्रम प्राथमिकीकरण तथा वर्गीकरण गरी कार्यान्वयन गर्न जिल्ला समन्वय समितिलाई अधिकार प्रदान गर्ने निर्णय गरेको छ। त्यसैगरी तीनै तहका सरकारबाट जिल्लामा भइरहेका विकास आयोजनाहरू तथा अन्य निर्माण कार्य र राष्ट्रिय गौरवका आयोजनाको निर्माणकार्य तोकिएको समयभित्रै सम्पन्न गर्न आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्न र गुणस्तर कायम गर्न सहजीकरण गर्ने निर्णयसमेत गरेको छ। सभाले विपद्बाट उत्पन्न हुन सक्ने जनधनको क्षतिलाई न्यूनीकरण गर्ने, आवश्यक पूर्वतयारी, खोज तथा उद्धार, राहत व्यवस्थापन र पुनःनिर्माणमा सम्बन्धित स्थानीय तहसँग समन्वय गरी सहयोग र सहजीकरण गर्ने निर्णयसमेत गरेको छ। त्यसैगरी जिल्लाभित्र रहेका गैरसरकारी संस्थाहरूको अनुगमन गर्ने, जिल्लाभित्र विद्युत्, खानेपानी, साथै अत्यावश्यक सेवाबाट वञ्चित स्थानहरूमा सर्वसुलभ रूपमा उक्त सेवा पुऱ्याउन सबै स्थानीय तहहरूले आवश्यक समन्वय र सहजीकरण गर्ने निर्णयसमेत भएको छ।

त्यसैगरी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड-२०७७ लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न स्थानीय तहलाई आवश्यक समन्वय गर्ने निर्णय भएको छ। कुश्मा नगर र जलजला गाउँपालिकाको आन्तरिक स्रोतकारूपमा रहेको कालीगण्डकी नदीको नदीजन्य पदार्थको उत्खनन, सङ्कलन तथा बिक्री व्यवस्थापनमा सर्वोच्च अदालतबाट जारी अन्तरिम आदेशबमोजिम रोक्का भएकामा विकास निर्माणलगायत राष्ट्रियगौरवकाआयोजनासम्बन्धी कार्यमा अवरोध सिर्जना भएकाले आवश्यक व्यवस्थापनका लागि सरकारसँग अनुरोध गर्ने निर्णयसमेत गरिएको ढकालले जानकारी दिनुभयो।